# आदिसमीक्षक मोतीराम भट्टको मूल्य-निर्णय सामर्थ्य

**उपप्राध्यापक, डा. रमेश शुभेच्छु**, Email : rshubechchhu11@gmail.com

(बानेश्वर बहुमुखी क्याम्पस, काठमाडौँ)

**ARTICLE INFO**

*Received : 20 Jul. 2025*
*Revised : 12 Oct. 2025*
*Accepted : 28 Aug. 2025*

***लेखसार***

*'आदिसमीक्षक मोतीराम भट्टको मूल्यनिर्णय सामर्थ्य' शीर्षकको लेख मोतीराम भट्टका पद्य र गद्य समीक्षाको मूल्य निर्णय सामर्थ्यका विश्लेषणसँग सम्बन्धित छ। भट्टका कवि भानुभक्तको जीवनी (१९४८) कृतिका साथै 'कवि कविता वर्णन', 'कविताको सरजाम' र 'कवि समूह वर्णन्' कविता (पद्यसमीक्षा) मा निहित समीक्षा कार्यको मूल्यनिर्णय सामर्थ्य कस्तो रहेको छ ? भन्ने मूल प्राज्ञिक जिज्ञासामा यो अनुसन्धान केन्द्रित रहेको छ। एकै प्रतिभाका गद्य र पद्य दुवै समीक्षामा निहित मूल्यनिर्णयको खोजी गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ। यसमा पुस्तकालयीय कार्यबाट भट्टका समीक्षालाई प्राथमिक सामग्री र मूल्यनिर्णय सिद्धान्तसंबद्ध अध्ययन, टीका एवम् निर्दिष्ट समीक्षासम्बन्धी भएका पूर्वअध्ययनका सामग्रीहरू द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ। मूल्यनिर्णय प्रायोगिक - ऐतिहासिक समीक्षापद्धतिको निर्णायात्मक निष्कर्ष प्रक्रिया भएकाले यस अध्ययनमा मोटामोटी इडवार्ड हिल्ट (इ. एच.) कार, ह्यारी रिटर, रबिन जोर्ज (आर जी) कलिङउडका मूल्यनिर्णयसम्बन्धी विचारसहित इतिहाससम्बद्ध जीवनीपरक, इतिहासपरक, राजनीतिक, समाजपरक-मार्क्सवादी, मनोविज्ञानपरक, आद्यविम्बपरक, सांस्कृतिक, मानवशास्त्रीय, नारीवादी, आत्मिक प्रक्रियापरक दर्शननिर्देशित तथा अस्तित्वपरक समीक्षा चिन्तनका निष्कर्षलाई पनि आधार मानिएको छ। यी समीक्षा प्रणालीले मुख्यतः कृतिका अन्तरवस्तुका साथै रूपात्मक र संरचनात्मक बनोटको ढाँचालाई निर्धारित गर्ने विश्लेषणका क्रममा समुच्चा प्रतिफलस्वरूप प्राप्त हुने साहित्यिक कलाको स्तर, गुण-अवगुण, शक्ति-सीममा आधारित कृतिगत मूल्यस्तरको निर्णय गर्ने गरेको पक्षलाई केन्द्रमा राखिएको छ। कृति, व्यक्ति र प्रवृत्तिका प्रत्येक न्यायिक निर्णयसापेक्ष मूल्याङ्कनका टी. एस. इलियट र आइ. ए रिचर्डसका चिन्तनलाई पनि आधार मानिएको छ। कृति र कृतिकारका कतिपय वैयक्तिक परिसीमालाई सकेसम्म न्यूनान्यून प्रकट गर्ने गरीको समीक्षात्मकक पारख र कौशलको सूचक तत्त्वका रूपमा मूल्यनिर्णयलाई चिनाउँदै यसका मुख्यत स्थान निर्धारण, सौन्दर्यचेतको अन्वेषण र न्यायिक निर्णयलाई विश्लेषणको आधार बनाइएको छ। सकेसम्म समीक्षकका वैयक्तिक रुचि-अरुचिको प्रक्षेपणबाट मुक्त समीक्षात्मक सम्भवको खोजीलाई मूल्यनिर्णयको सैद्धान्तिक आधार मानी यस अध्ययनबाट मोतीराम भट्ट भानुभक्त आचार्यबाट प्रभावित रहँदा रहँदै पनि उनका जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनबाट अधिकतम प्रभावमुक्त मूल्यनिर्णय गर्न सक्ने समीक्षक र पद्य समीक्षामा पनि सैद्धान्तिक र व्यवहारिक समीक्षाका मूल्य निर्धारण गर्ने समीक्षकका रूपमा देखापर्छन् भन्ने यसको निष्कर्ष हो। यसले आदि समीक्षक मोतीराम भट्टले सन्दर्भ निर्देश (फुटनोट) को पनि प्रयोग गर्दै गरेका गद्य र पद्य समीक्षाले स्थाननिर्धारण, सौन्दर्य क्षमताको निर्क्योल र बौद्धिक चेतनाको निर्क्योलसहितको मूल्यनिर्णय सामर्थ्य अधिक रहेको निष्कर्ष हो। कुनै व्यक्ति, कृति र प्रवृत्तिको समीक्षाको मूल प्राप्ति त्यसको मूलयनिर्णय सामर्थ्यमा निहित छ भन्ने देखिनु र नेपाली समीक्षा परम्पराका आरम्भमै यो प्रवृत्ति पाइनु यस अध्ययनको प्राप्ति हो।*

***शब्दकुञ्जी :*** *मूल्यनिर्णय, सैद्धान्तिक, व्यावहारिक, ऐतिहासिक, आदिसमीक्षक, सौन्दर्यशास्त्र ।*

## परिचय

'आदिसमीक्षक मोतीराम भट्टको मूल्यनिर्णय सामर्थ्य' शीर्षकको लेखले मोतीराम भट्टका गद्य र पद्य समीक्षाको मूल्यनिर्णय सामर्थ्यको खोजी गरेको छ। मोतीराम भट्ट (१९२३-१९५३) नेपाली साहित्य जगत्मा पहिलो जीवनीकार, समीक्षक एवम् अन्वेषक व्यक्तित्व हुन् । उनले कवि भानुभक्तको जीवनी (१९४८) पुस्तक लेखेबाट उनी आदिसमीक्षकका रूपमा देखा पर्दछन् । आजसम्मको समीक्षाका इतिहासमा समीक्षक भट्टले सर्वप्रथम भानुभक्तका रचनाको अन्वेषणका साथै समालोचना गरी नेपाली साहित्यमा समालोचनाको शुभारम्भ गरेको र उनको पहिलो समीक्षा एवम् जीवनी कृतिमा भानुभक्त आचार्यको जीवनी मात्र प्रस्तुत नभई आचार्यको कविता सिर्जन सामर्थ्यको खोजी र मूल्याङ्कनसहित गहिरो समीक्षा गरिएको देखिन्छ । यस कृतिमा दिइएको भानुभक्तसंबद्ध मूल्य निर्णयका साथै उनका 'कवि कविता वर्णन', 'कविताको सरजाम' र 'कवि समूह वर्णन्' कवितामा र मूल्यनिर्णय सामर्थ्यसम्पन्न समीक्षाचेत देखिएबाट उनको समीक्षक व्यक्तित्वको चर्चा हुने गरे पनि उनको मूल्यनिर्णय सामर्थ्यका विषयमा अध्ययन नभएका सन्ददर्भमा उनको मूल्यनिर्णय सामर्थ्य के कस्तो छ ? भन्ने खोजका उद्देश्यले यो अध्ययन गरिएको छ । यस अध्ययनमा भट्टका यी कृति र रचनामानिहित मूल्यनिर्णय सामर्थ्यको खोजीलाई मूल समस्या बनाई त्यसको निरूपण गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा पुस्तकालयलाई मुख्य अध्ययनको आधार बनाई प्राथमिक एवम् द्वितीयक सामग्री सङ्कलन गरिएका छन् । यसरी सङ्कलित सामग्रीलाई व्याख्यात्मक एवम् विश्लेषणात्मक विधि अवलम्बन गरी निर्धारित चार वटा सामग्रीको अध्ययन गरिएको छ । यस अध्ययनमा प्राथमिक सामग्रीका रूपमा मोतीराम भट्टका कवि भानुभक्तको जीवनी कृतिका साथै 'कवि कविता वर्णन', 'कविताको सरजाम' र 'कवि समूह वर्णन्' पद्य समीक्षालाई लिइएको छ भने द्वितीयक स्रोतका रूपमा मोतीराम भट्ट र भानुभक्त विषयक समीक्षा गरिएका पूर्वकार्यगत सामग्रीको र सैद्धान्तिक उपयोगका लागि इतिहास संबद्ध र साहित्य सिद्धान्त संबद्ध सामग्रीको उपयोग गरिएको छ । गुणात्मक प्रकृतिको यस अध्ययनमा सोद्देश्य नमुना छनोट पद्धतिका आधारमा कृतिका अंश (अनुच्छेद/श्लोक) उद्धरण गरी अध्ययनलाई विश्वसनीय बनाइएको छ । यसमा ऐतिहासिक अध्ययन विधिका आधारमा मूल्यनिर्णयका खास खास तीन वटा आधार निर्धारण गरी सोहीअनुसार निष्कर्ष निकालिएको छ ।

### सैद्धान्तिक आधार

मूल्यनिर्णयको कोशीय र व्यवहारिक अर्थ मूल्य निर्धारण वा मूल्य निश्चय भन्ने हुन्छ । यसमा 'मूल्य' र 'निर्णय' दुई पदहरू हरेका छन् । यी दुई पदमध्ये पहिलो पद 'मूल्य' को अर्थ मोल, दाम, महत्त्व, गुण वा साउँ भन्ने हुन्छ । यस पदलाई नेपाली कथ्य भाषामा निर्लय, निर्नय पनि भन्ने गरिन्छ । यी अर्थका आधारमा यो मापकत्वलाई बुझाउने पद विशेष हो । त्यस्तै यहाँ प्रयोग भएको 'निर्णय' पदको अर्थ कुनै विवादास्पद वा मूल्यको एकल वा सामूहिक निष्कर्ष दिने कार्य हो । यसलाई पक्ष विपक्षका तर्कमा आधारित भएर गरिने न्यायसङ्गत फैसलाका रूपमा निर्णायक अर्थ बहन गर्ने शब्दका रूपमा चिनाउन सकिन्छ । यस्तो निर्णय पक्ष-विपक्ष र प्राप्त प्रमाणहरूका आधारमा गरिने फैसला हो ।

इसाको बिसौँ शताब्दीमा आएर मूल्यनिर्णयको चिन्तन अगाडि आयो। आइ.ए रिचर्डसले समीक्षालाई कृतिहरूका बिचको विभेदन (डिफेरेन्सिएसन) को तुलना र मूल्यनिरूपणका रूपमा अर्थ्याएको पाइन्छ। पुराना र नयाँ लेखक र तिनका लेखकीय प्रवृत्तिको तुलनात्मक अध्ययनका क्रममा टी.एस. इलियटले तुलनालाई समालोचनाको प्रकार्य ठहऱ्याउँदै त्यसबाट आउने मूल्यनिर्णयलाई महत्त्व दिएको पाइन्छ। रुसी रूपवादी समीक्षा परम्परा, प्राग्सम्प्रदाय, फान्सेली कृति व्याख्यापरक समीक्षा, आङ्ल अमेरिकाली कृति केन्द्रित व्याख्यापरक सघन अध्ययनपरक समीक्षा, नवसमीक्षादेखि शैलीविज्ञान र नवसङ्कथनवादी, संरचनावादी, उत्तरसंरचनावादी, पाठकीय समीक्षाका साझा विशेषता कृतिको मूल्यनिर्णय नै देखिन्छ (त्रिपाठी, २०६६, पृ. ३१)। यस दृष्टिले समीक्षाका सन्दर्भमा मूल्यनिर्णय नै समीक्षकको मूल धेय हुनेगरेको पक्ष बुझिन आउँछ।

कृतिको समीक्षा गर्दा त्यसका कमी कमजोरी र सबल, प्रबल एवम् नवीन स्थापनाका पक्षको मूल्याङ्कन गरी निर्णायक मत राख्ने प्रयास समीक्षकले गरेको हुन्छ। त्यसरी गरिने निर्णायनलाई निर्णय गर्ने काम वा प्रक्रियाका रूपमा चिनाउन सकिन्छ। मूल्य निर्णय इतिहास संबद्ध प्राविधिक शब्द हुँदा यसका सम्बन्धमा ऐतिहासिक सर्वेक्षणसहितको निर्णय गरिन्छ। यस सन्दर्भमा नेपाली साहित्येतिहासकार दयाराम श्रेष्ठको मत यस्तो रहेको छ :

> इतिहासका तथ्यहरू (कृति, घटना वा आन्दोलन, प्रकाशन आदि) को व्याख्याविश्लेष्ण वा लेखाजोखा गर्दा त्यसै समयका नैतिक वा आचरणगत मान्यताहरूलाई आधार बनाउनुपर्दछ भन्ने अवधारणालाई मूल्यनिर्णय भनिन्छ। वितेका समयबारे निर्णय गर्दा साहित्येतिहासमा एकातिर इतिहासकारको आफ्नै मूल्यमान्यताको प्रभाव परेको हुन्छ नै, तर मुख्य कुरो तात्काकिक बहुविद मूल्य मान्यताहरूप्रति दृष्टि दिएर तथ्यलाई हेर्नु आवश्यक छ। (२०५९, पृ. ३८)

माथिको चिन्तनले कृतिका सनदर्भमा कृतिको व्याख्या विश्लेष्ण गरी बहुविद मूल्य मान्यतालाई पनि साक्षी राखेर इतिहासकार वा समीक्षकबाट दिइने सुझबुझपूर्ण निष्कर्ष वाक्य मूल्यनिर्णय हो। मूल्यनिर्णय शोधका विभिन्न क्षेत्रमध्ये ऐतिहासिक शोधको क्षेत्रविशेष हो। यस सम्बन्धमा साहित्येतिहासकार एवम् विशिष्ट समीक्षाशास्त्री वासुदेव त्रिपाठीको मत यस्तो रहेको छ :

> पुराना-नयाँ जीवनीपरक, इतिहासपरक, राजनीतिक, समाजपरक-मार्क्सवादी, मनोविज्ञानपरक, आद्यविम्बपरक (तथा सांस्कृतिक मानवशास्त्रीय) र आत्मिक प्रक्रियापरक दर्शननिर्देशित तथा अस्तित्वपरक, नारीवादी आदि समालोचना प्रणालीले मुख्यतः कृतिका अन्तरवस्तुको र केही मात्रामा त्यसको रूपात्मक र संरचनात्मक बनोटको ढाँचालाई निर्धारित गर्ने आधारभूत प्रारूपको जति विश्लेषण गरे पनि आखिर कृतिका अन्तरवस्तुका साथै रूपको समुच्चा प्रतिफलस्वरूप प्राप्त हुने साहित्यिक कलाको स्तर, गुण-अवगुण र शक्तिसीमामा आधारित कृतिगत मूल्यस्तरको निर्णयविना समालोचना अपूर्ण नै रहन जाने कुरा पनि इसाका बिसौँ शताब्दीका आखिरी दशकका पटाक्षेपको नजिकै पुग्दै गर्दा अझ सुस्पष्ट हुँदै आइरहेको हुँदै हो। वास्तवमा प्रत्येक न्यायिक निर्णय क्रममाझैँ समालोचनात्मक मूल्याङ्कनका पनि कतिपय वैयक्तिक परिसीमा हुन सक्तछन् र ती न्यून रहनु नै समालोचकीय पारख र कौशलको सूचक तत्व हुँदै हो। वास्तवमा व्यक्त-अव्यक्त मूल्याङ्कनबाट पन्छिएको विशुद्ध विश्लेषणात्मक समालोचनाको दाबी '

मिथक' नै बढी हो र त्यो विश्लेषणात्मक समालोचना पनि वस्तुवाद र तथ्यवादका नाउँमा भित्रिने वैयक्तिक रुचि-अरुचिको प्रक्षेपणबाट चाहिँ मुक्त हुनु सम्भव देखिन्छ। (२०६६, पृ. ३१-३२)

उक्त चिन्तनअनुसार सबै समीक्षा पद्धतिको अन्तिम अभिष्ट मूल्यनिर्णय हुने र कृतिमा व्यक्तअव्यक्त मूल्यहरूको मूल्याङ्कनबाट निस्कने निष्कर्ष नै मूल्यनिर्णय हुने देखिन्छ। कृतिमूल्याङ्कनका लागि पूर्वीय काव्यशास्त्रको चिन्तन परम्परामा ध्वनिवादी चिन्तकहरूले उत्तम, मध्यम र अधम काव्य हुन्छन् भनेका छन्। उनका मतले कुनै काव्यलाई के कति आधारमा उत्तम, मध्यम र अधम भनी ठहराउन सहयोग गर्छ। यसलाई नेपाली समीक्षा परम्परामा वासुदेव त्रिपाठीले उत्तमोत्तम, मध्यम र सामान्यको मूल वर्गीकरणका साथै उत्तमोत्तम, उत्तम, उच्चमध्यम मध्यम, सामान्य र अतिसामान्य जस्ता सात श्रेणी निर्धारण गरी कृतिको मूल्य निर्णय गर्ने प्रयास गरेको पाइन्छ (सुवेदी, २०६९, पृ. २८७)। मूल्यनिर्णय मोटामोटी अन्य स्रष्टासापेक्ष, अन्य कृतिसापेक्ष र युगसापेक्ष रूपमा हुने गरेको पाइन्छ। यसलाई पटक पटकको पठन, स्रष्टाका अन्य कृतिको सापेक्ष पठन, स्रष्टाको जीवनी वा प्रेरणा र प्रभाव प्रसङ्ग आदिबाट निर्क्योल गर्ने गरेको पाइन्छ (सुवेदी, २०६९, पृ. २८४)। मूल्य निर्णयकर्ताले कुनै कृति, कृतिकार वा प्रवृत्तिको मूल्य निर्णय गर्दा त्यसै युगको आलोकमा गर्नुपर्ने हुन्छ। इतिहासकारले त्यसै कालका मूल्यमान्यता सुहाउँदा आफ्नै मापदण्डद्वारा मूल्यनिर्धारण गर्दछ (ताप, १९६८, पृ. ३७१)। मूल्यनिर्णयबाट तथ्य निकाल्न सकिने नभई अध्ययनका क्रममा फेला परेका तथ्यबाट मूल्य निर्धारण गरिन्छ। यसमा तथ्यभित्र मूल्य अन्तरभूत बनी त्यसको आवश्यक अङ्ग बनेर रहन्छ (कार, सन् १९८६, पृ. ३१) कुनै कृतिविशेष वा साहित्यका क्षेत्रमा देखिएका विभिन्न वैचारिक आन्दोलनहरूलाई कालका मूल्यको सापेक्षतामा हेरेर साहित्येतिहासकारले मूल्यनिर्णय दिन्छन् (श्रेष्ठ, २०५९, पृ. ३८-३९)। ऐतिहासकम इशापूर्वको समयदेखि नै रचनाको मूल्याङ्कन गर्ने र निष्कर्ष दिने परम्परा रहेको देखिन्छ। कृतिका बारेमा, कृतिकारका, कृति सिर्जना भएको भाषाको बारेमा र कृति सिर्जना भएको समाज र समयका बारेमा निर्णय दिने परम्परा पुरानो हो र अहिले पनि कायम छ (सुवेदी, २०६१, पृ. ४३) समीक्षाका क्रममा मूल्य निर्णयका लागि मूलतः कृति, स्रष्टा, प्रवृत्ति र कलात्मक मूल्यको सूक्ष्म अन्वेषणको आवश्यकता पर्ने हुँदा समीक्षामा मूल्य निर्णय सामान्य काम नभई कुनै स्रष्टा वा कृतिको स्थान वा प्राप्तिको निर्णय लिने कार्य हो (शुभेच्छु, २०६९, पृ. २८४)। यस दृष्टिले समीक्षाका क्रममा गरिने मूल्य निर्णय निकै महत्त्वपूर्ण निर्याय हो र साहित्यिक कृतिको मूल्याङ्कन गर्दा त्यसको कलामूल्यका साथै सामाजिक उपयोगिता र अन्तरविषयक तथ्यहरू पनि एकाकार हुन आउँछन्।

समीक्षा गरिने कृति, प्रवृत्ति, वाद, आन्दोलन, अभिनव घटना आदिलाई तत्कालीन मूल्य, मान्यता, चिन्तन, विधि, कानुन, लोकसमाज र विश्वासअनुसार मूल्याङकन गरी इतिहासकार, समीक्षक वा अध्येताले दिने ठोस निर्णय मूल्यमूल्यनिर्णय हो। यसको प्रत्यक्ष सम्बन्ध इतिहाससँग हुन्छ र यसले भूतकालिक सामाजिक, सांस्कृतिक र नैतिक संस्कारलाई हेर्ने दुराग्रहलाई निषेध गरेर निर्णय दिन्छ (श्रेष्ठ, २०५९, पृ. ३९)। यसका विविध पक्ष संयोजित हुने भए पनि, भिन्न विधा र विषयका मूल्यमान्यता समेटिने भए पनि मोटामोटी ऐतिहासिक मूल्यसापेक्ष अर्थ प्रबल रहन्छ। साहित्येतिहासको दर्शनअनुसार साहित्यिक मूल्यहरू ऐतिहासिक तथ्यहरूका आधारमा निर्धारण हुन्छन् र तिनलाई समीक्षक वा साहित्येतिहासकारको नैतिक सापेक्षतावादसँग सहसम्बन्धित गरेर प्रस्तुत गर्ने गरेको देखिन्छ। यस्तो मूल्यनिर्णय मोटामोटी सौन्दर्यशास्त्रीय, बौद्धिक र ऐतिहासिक हुन सक्ने देखिन्छ। सौन्दर्यशास्त्रीय र बौद्धिक मूल्यलाई तत्कालीन परिवेशका सामाजिक, सांस्कृतिक नैतिक संस्कारसापेक्ष आग्रह-दुराग्रहबाट मुक्त भएर कृतिप्रवृत्तिकै

मूल्यसंबद्ध रहेर ऐतिहासिक तथ्यका आधारमा लेखकीय विचार प्रस्तुत गर्नु नै मूल्य निर्णय हो । यो विषयवस्तुका आन्तरिक तथ्यका आधारमा अध्येताले प्रस्तुत गर्ने निष्कर्षमूलक तथ्य हो । मसीक्षकसँग कृतिका गुणदोषको निरूपण गरी मूल्यनिर्णय गर्ने सामर्थ्य छैन भने त्यो समीक्षा प्रभावपरक भासमा परी विकृत हुन सक्छ (त्रिपाठी, २०६६, पृ. ३२) । विकृत रूपबाट बच्न समीक्षकले कृति, प्रवृत्ति वा कृतिकारको सही र सन्तुलित व्याख्या विश्लेषणबाट परिपुष्ट निर्णय दिन तयार हुन सके प्रभावपरक समीक्षा पनि विश्वसनीय, न्यायिक 'जुटिसियल क्रिटिसिजम' को एउटा प्रमुख पक्ष विशेष बन्छ । भाषावादी, रूपवादी, संरचनावादी, विसंरचनावादी र पाठकवादी समीक्षाले मूल्यनिर्णयलाई उति रुचि देखाउँदैनन् (त्रिपाठी, २०६६, पृ. ३३) तापनि हरेक समीक्षाले कुनै न कुनै मूल्यनिर्णय गरेकै हुन्छन् । यो प्रायोगिक-ऐतिहासिक समीक्षा पद्धतिको एउटा प्रकार विशेष हुँदा यसका अन्तरमा बहुकोणीय अध्ययन अपेक्षित रहन्छ ।

माथिको विमर्शबाट समीक्षामा मूल्यनिर्णय भनेको समग्र कृति, कृतिकार र प्रवृत्तिको मूल्याङ्कनसहित समवर्ती, पूर्ववर्ती र परवर्ती सम्बन्धित कृति, कृतिकार र प्रवृत्तिसमेतका अनुगमनबाट प्राप्त समीक्षात्मक निष्कर्षण हो । यस्तो निष्कर्षमा पुग्न सघाउने र समीक्षकलाई प्रभावमुक्त बनाउने अनेक आधार हुन सक्छन् । त्यस्ता आधारहरूमध्ये मोटामोटी स्थान निर्धारण (ऐतिहासिक), सौन्दर्यपरक र बौद्धिक (तर्कशास्त्रीय) आधार र बौद्धिक निर्ययलाई आधार मान्नु सर्वोपयुक्त हुने देखिन्छ । मोतीराम भट्टको समीक्षा केन्द्रित यस अध्ययनलाई यिनै तीन आधारमा प्रस्तुत गरिएको छ ।

## विमर्श र परिणाम

मोतीराम भट्ट नेपाली समीक्षा परम्पराको बाँझो फुटाउने पहिलो द्रष्टा प्रतिभा भएर पनि उनका समीक्षामा प्रशस्त मात्रामा मूल्यनिर्णय सामर्थ्य रहेको पाइन्छ । शास्त्रीय ज्ञान र मौलिक तुलना प्रतितुलनाबाट मूल्य निर्णय लिन सक्ने भट्टलाई समीक्षकका रूपमा चिनाउन सकिने अन्य सामग्री पनि नभएका होइनन् यहाँ भने कविभनुभक्तको जीवनी (१९४८) कृतिका साथै 'कवि कविता वर्णन', 'कविताको सरजाम' र 'कवि समूह वर्णन्' तीन पद्यरचनासमेत गरी चार वटा सामग्रीलाई अध्ययनको मुख्य आधार मानी उनको समीक्षामा निहित मूल्यनिर्णय सामर्थ्यको खोजी गरिएको छ । मूल्य निर्णयका क्रममा ऐतिहासिक मूल्य वा स्थान निर्धारण, सिर्जन सामर्थ्य वा सौन्दर्यशास्त्रीय र बौद्धिक मूल्य निर्धाणको सर्वेक्षणात्मक एवम् विश्लेषणात्मक अध्ययन गरिएको छ ।

### स्थान निर्धारण

मोतीराम भट्ट समीक्षाका क्रममा अग्रज तथा समकालीन सर्जकहरूको स्थान निर्धारण गर्न सक्ने प्रतिभाका रूपमा देखिन्छन् । ऐतिहासिक मूल्य अन्वेष्णसापेक्ष निर्णय भन्नु नै स्थान निर्धारण सामर्थ्य हो । उनलाई समीक्षक एवम् जीवनीकारका रूपमा चिनाउने मूल आधार कवि भानुभक्तको जीवनी (१९४८) कृतिमा भट्टले पहिलो पटक भानुभक्त आचार्यलाई आदर स्वरूप आदिकविको उपाधिको प्रयोग गरेका छन् (२०७६, पृ. १४) । उनले भानुभक्तको मूल्याङ्कनका क्रममा दिएको त्यो आदिकवि उपाधि नै प्रतिनिधिमूलक कविका रूपमा आदि कालका कविहरूमध्येका प्रतिनिधि कविका स्थापनामा आजसम्म मान्य मूल्यनिर्णयका रूपमा रहेको छ । ऐतिहासिक दृष्टिले भानुभक्तभन्दा अघि पनि नेपाली भाषामा कविता लेख्ने कविहरू भएका तर उनले ती कविहरूलाई वेवास्ता नगरी भानुभक्तलाई आदिकवि भनेका र त्यसको आधार पनि यसरी जुटाएका छन् : 'गोर्खाभाषामा हुन त धेरै नामका कवि

भानुभक्तभन्दा पहिले भये तर कविताको मर्म जानी भाषापद्य लेखने कविहरूमा आदिकवि भानुभक्त नै हुन्' (२०७६, पृ. १४) । यो मोतीरामको इतिहासचेतसापेक्ष स्थान निर्धारण सामर्थ्य हो । यहाँ भट्टले भानुभक्त आचार्य किन आदिकवि हुन् भन्ने पक्षलाई पुष्टि गर्न तत्कालीन परिवेशबाट तुलनात्मक अध्ययनबाट सरजाम जुटाएका छन् । उनले नेपाली भाषाको उन्नतिको उदय र भानुभक्तको उदय एकै साल भएको मानेका छन् ।

भट्टको भानुभक्त आचार्य आदिकवि हुन् भन्ने ऐतिहासिक (स्थान निर्धारण) मूल्यनिर्णय आजसम्म सर्वमान्य जस्तै बनेर रहेको छ । उनले भानुभक्तलाईं कहीँ 'आदिकवि' (२०७६, पृ. १४), कहीँ 'कविकुलमुकुट' र कहीँ ' चक्रचूडामणि कवि' (२०७६, पृ. २३) भनेर सम्बोधन गरेका छन् । यी सबै उपाधिहरू एक किसिम तत्कालीन कविहरूमध्ये उच्च कविका रूपमा स्थान निर्धारणकै प्रयास थिए । कविकुलमुकुटको अर्थ कविहरूमध्ये सबै भन्दा शीर्षस्थानमा राख्न सकिने कवि भन्ने मानिएको छ । भानुभक्तलाई सबैले मान्नु पर्ने शिरमा राख्न लायकका वा सम्झिइरहनु पर्ने कविका रूपमा चिनाउने पक्षमा यी सबै पद पदावलीहरूको प्रयोग-उपयोग भएको छ र त्यो केही आग्रहशील देखिए पनि भट्टको समय र सन्दर्भका दृष्टिले उपयुक्त नै देखिन्छ ।

भट्टले आचार्यलाई आदिकवि भन्नलाई उनले खास खास उदाहरण लिँदै पुष्टि गर्ने प्रया गरेका छन् । आ ना पूर्वज, समकालीन र नवप्रतिभालाई महतत्वसाथ आफ्ना विचारका यात्रामा डाऱ्या उने प्रयास गरेकाले नै उनको यो तुलना उनको ऐतिहासिक मूल्यसामर्थ्य हो । उनले शृङ्गारिक कविताका ५००० श्लोक लेखिइसके पनि भानुभक्त बरबारको नलेखिएको (२०७६, पृ. ३६-३७) भानुभक्तको शृङ्गारिक कविताको अंश अगाडि सारेका छन् । उनले नै भानुभक्तको बालकाण्ड रामायणलगायतका कृति फेला पारे र प्रथमयुवावयी १७ वर्षको उमेर पार गर्दैगर्दादेखि निरन्तर भानुभक्तीय रचनाका खोज, सम्पादन र प्रकाशमा लागिरहे । भानुभक्तको जीवनी लेख्न मात्र तीन वार्ष लागेको आत्मस्वीकृति दिएबाट उनको निरन्तर समर्पणलाई पुष्टि गर्छ । उनले भानुभक्तका कृति सम्पादनसँगै जीवनी लेखन र उनको स्थान निर्धारण पनि गरे ।

मोतीराम नेपाली साहित्य परम्पराका पहिलो अन्वेषक व्यक्तित्व हुन् । उनैले विवाह ब्रतवन्धमा सर्वसाधारणले वाचन गरेको सुनेका आधारमा भानुभक्तका पाण्डुलिपि खोजी उनका वधूशिक्षा, भक्तमाला', प्रश्नोत्तर' र रामगीतालाई प्रकाशनमा ल्याउने कार्य नै भानुभक्त विषयक ऐतिहासिक मूल्यको खोजी हो । यिनले भानुभक्तका कृतिहरू सार्वजनिक गर्नका साथै भानुभक्तको जीवनी र व्यक्तित्वको गहिरिएर अन्वेषण गर्ने क्रममा जीवनीलाई पनि इतिहास तत्त्वकै एक प्रमुख पक्ष हो भन्ने पुष्टि गरिदिए ।

आजसम्म नेपाली अन्वेषकहरू मोतीरामले भानुभक्तका विषयमा दिएको मूल्यनिर्णयलाई स्मरण गरिरहनुको कारण उनले आचार्यका सथै बिहारीलाल, छविलाल, पतञ्जलि आदि व्यक्तिहरू पनि नेपाली कवि भएको सूचना सप्रमाण बाहिर ल्याउनु हो । यसबाट पनि उनले अफ्नो अन्वेषक एवम् समालोचक व्यक्तित्वको प्रदर्शन गरेको र भानुभक्तको ऐतिहासिक मूल्य स्थापना गरेको पाइन्छ । उनले भानुभक्तको कृति सङ्ख्यागत र प्रकाशनको अग्रताजन्य योगदानको मूल्याङ्कन गरी आदिकवि भनेका नभई अग्रजकवि राजीवलोचन जोशीलाई कविशिरोमणि र पद्मविलास पन्तलाई पनि कवि भनेर सम्बोधन गरेको र भानुभक्तलाई आदिकवि भनेको पाइन्छ । उनले अध्ययनका क्रममा आफूले पढ्ने क्रममा कवित्व मूल्य भएको र मनले खाएको व्यक्तिको स्तुतिका साथै उनका केही गुणदोषलाई विषय बनाएर कविता पनि लेखिदिन्थे भनी केही साहित्येतिहासकार र समीक्षकहरूले अनुमान लगाएको देखिन्छ तर यो इतिहासकै कल्पना तत्त्व हो । उनले भानुभक्त, राजीवलोचन र पद्मविलासको काव्यात्मक टिप्पणी समीक्षात्मक भाषामा प्रस्तुत गर्ने

क्रममा इतिहासका गर्भमा लुकेका कविहरूलाई खोजेर जनसमक्ष ल्याउने मोतीरामको अन्वेषक चेतना ऐतिहासिक चेतना हुँदा हुँदै यो नै नेपाली साहित्यको विकासको एक प्रमुख आधार बन्यो । उनले भानुभक्तको जीवनी लेख्नका साथै भानुका कवितामा निहित उत्कृष्टताको व्याख्यासमेत गरेका छन् (प्रधान, २०२५, पृ. १२२-१३) र व्याख्या विश्लेषणका क्रममा ऐतिहासिक तथ्यहरू जुटाउने काम गरेका छन् ।

मोतीराम कविहृदय भएका इतिहासकार र समीक्षक थिए । उनले भानुभक्तलाई महान् कवि बनाउन केही फुटकर कविता आफैले रच्तै भानुभक्तका नाउँमा पनि समाविष्ट गराएका थिए पनि भनिन्छ । यस कुराको आशङ्का तानासर्माबाट यसरी व्यक्त गरिएको छ ः 'आफूले खोजेका कविलाई प्रतिभासम्पन्न तथा सहज कवि थिए भन्ने पार्नलाई नै उनले त्यस जीवनचरित्रमा भानुभक्तले रचेका भनेर जताततै फुटकर सिलोकहरू देखाएका थिए । ती फुटकर सिलोकहरूमध्ये धेरै जसो मोतीराम भट्ट आफैले रचेका थिए' (शर्मा, २०४९, पृ. ३२) । यो आशङ्का घाँसी कवितासम्बद्ध श्लोकको चौथो हरफमा प्रयुक्त 'मों' शब्दबाट उब्जाई यसको रचना मोतीराम आफैँले गरेका थिए भन्ने दावी भानुभक्तले कतै पनि मलाई मो लेखेका छैनन् भन्ने आधारबाट भएको छ । मोतीरामले आफ्ना रचनामा 'म'को साटो जताततै मों लेखेका र यो कविता उनको होइन भन्ने् (शर्मा, २०४९, पृ. ३२) प्रमाण जुटाउने प्रयास भएको छ । यस दृष्टिकोणबाट हेर्दा जनजीवनमा साहित्यिक र भाषिक भावनाबाट जागरण ल्याउनका लागि मोतीरामले भानुभक्तलाई हरतरहले माथि उठाएको पनि हुन सक्छ भन्ने पनि देखिन्छ ।

शर्माको उक्त तर्क वैज्ञानिक भए पनि यस्ता तर्कको प्रमाण हस्तलिपि नै मूल्याङ्कन गरी जुटाउन भने सकिएको छैन । ओझेलमा परिरहेको नेपाली साहित्यलाई चाँडो गरी उन्नतिको शिखरमा पुऱ्याउन मोतीरामले आफ्नो कृतिका चरित्र नायकलाई पनि विशेष देखाउन गुणग्राही समीक्षा एवम् अन्वेषण शैलीको उपयोग गरेको भने देखिन्छ नै । मोतीरामलाई घाँसीको प्रेरणा नभई बाजे श्रीकृष्णको परत्र सपार्ने प्रेरणा रहेको विचार (शर्मा, २०५९, पृ. ३३) उपयुक्त नै रहे पनि मोतीराम भट्टको ऐतिहासिक मूल्यनिर्णय सामर्थ्यलाई केही उदारहणमा टेकेर कमजोर मान्न भन्ने मिल्ने देखिँदैन । उनले गिरिधारी भाटले दुःख दिएको विषयलाई लिएर लेखेको कविता अन्वेष्ण गरेर भट्टले केही श्लोक दिई 'भानुभक्तले अरू श्लोक पनि बनाएका छन् तर केही पत्ता छैन पछि पाइये भने छापियला' भनेर ऐतिहासिक मूल्यमान्यतालाई आत्मसात गरेका छन् । यो क्रम उनले अर्को भानुभक्तको विन्तीपत्रमूलक कविताका सन्दर्भमा पनि देखाएका छन् । उनले भानुका अरू श्लोक छन् भन्ने जनश्रुति छ तर पछि पाइयो भने छापियला भनेर भनेका छन् (भट्ट, २०७६, पृ. २७) । यो भट्टको ऐतिहासिक मूल्यनिर्णय सामर्थ्य हो ।

तारानाथ शर्मालगायत केही समीक्षक एवम् साहित्येतिहासकारहरूले भट्टले भानुभक्तका नाममा श्लोक बनाएको आरोप लगाएका भए पनि र टिप्पणीहरू जेजस्ता भए पनि मोतीराम भट्टले भानुभक्त आचार्यका विषयमा लेखेका प्रायः सबै बेहोरालाई नै नेपाली साहित्यको इतिहासले आधिकारिक मानेको अवस्था आज पनि प्रबल छ । उनले अघिल्लो पुस्ताका कवि भानुभक्त आचार्यका कृतिहरूलाई न्यायिक सम्पादन गरी छापेर प्रचार गर्नका साथै उनको उचित मूल्याङ्कन गरी जीवनी लेख्ने काम गरे (शर्मा, २०४९, पृ. ६५) । आजसम्म भानुभक्तको जीवनी व्यक्तित्व र कृतित्वको विश्लेषणका सम्बन्धमा मोतीरामले भानुभक्तलाई कवि भानुभक्त आचार्यको जीवन चरित्र'को भूमिकामा भनेका छन् ः

> कदाचित् "कवि भानुभक्त'' को कविता हेरेर तपाञीहरूको इच्छा जीवन चरित्र पनी हेर्न को भयो होला, तस् अर्थ कविको जीवन वृत्तान्त हालमा लेखी छपायाको छू सो हेरी निज कविका समग्र वृत्तान्त जानी

> मेरा उपर करुणा रही प्रसन्न हुनुभयो भने भला मेरो परिश्रम पनी सु ॅल होला। यथाशक्य कविका निर्मित श्लोक बयान समेत राखी यो जीवन चरित्र लेखेको छू। कवि भानुभक्त आचार्य का भतीजा रामदत्तकन मो अनेकानेक धन्न्यवाद दिन् छू जस् ले मलाई निज कविका अनेक हाल यथार्थ. भन्नुभयो जस् का कृपाले यो पुस्तक् को जन्म भया। (पृ. उ.न)

उक्त भनाइ मोतीरामको आफ्नो कृतिको लेखकीय भनाइ हो। नेपाली साहित्यमा कृतिहरू नलेखिएकै वेला, कृति प्रकाशनको आरम्भ नभइकन नै अभिव्यक्ति स्वतन्त्रता पनि नभएका अवस्थामा र साहित्यका पाठकहरू पनि कम भएका वेला भट्टबाट जीवनी र कृतिको समालोचनाको परिकल्पना नै जटिल कुरा थियो र त्यस्तो जटिल काम गरेर उनले लेखेको लेखकीय यति सुझबुझपूर्ण हुनुले मोतीरामको ऐतिहासिक मूल्यनिर्णय सामर्थ्यलाई देखाउँछ। उनले भानुभक्तलाई नभूतो न भविष्यती कविका रूपमा यसरी चिनाएका छन् :

> भक्ति रसमा त अव उप्रान्त पनि भानुभक्तका बराबर कौनै कवि पनि हुन सक्दैनन् भन्ने मेरा मनमा लाग्छ तर पनि ईश्वरको सृष्टि हो; भइगए भने पनि इनीका बराबरै हुनन्; इनीभन्दा बढ्दा पक्का कोई पनि हुने छैनन् भनी ठोकी लेखी दिञे। रात् दिन्का बोलिचालीका बराबर कविता गर्न सक्ने सामर्थ्य केवल इनै कविमा अझतक देखियाको छ। पछि हुनेहरूका बयान् पछि नै हुनन्। (भट्ट, २०७६, पृ. ३७)

प्रस्तुत साक्ष्यमा भानुभक्तपूर्वका भानुभक्तका समकालीन र मोतीराम कालसम्मका भक्ति रसका कविहरूको अनुगमन गरी उनी बराबरका कवि छैनन् र पछि पनि हुने छैनन् भनेर ठोकुवा गरेका छन्। यो ठोकुवा नै मोतीराम भट्टको ऐतिहासिक मूल्यनिर्णय सामर्थ्य हो। नेपाली समीक्षा परम्पराका प्रथम प्रहरमा प्रदर्शित यो सामर्थ्य निकै लोभलाग्दो छ।

**सौन्दर्यशास्त्रीय निर्णय**

मोतीराम भट्टले भानुभक्तको जीवनी मात्र प्रस्तुत नगरी उनका कृतिहरूको खोजी, अन्वेषण, पर्यवेक्षणका साथै आंशिक मूल्याङ्कन पनि गरेका छन्। आधुनिक अध्ययनमा साहित्यिक व्यक्ति र कृतिको मूल्य निर्णयका क्रममा ऐतिहासिक तथ्यसँगसँगै सिर्जनाको कृतिगत सौन्दर्यलाई पनि हेरिन्छ। इतिहास कारले सौन्दर्यशास्त्रीय मूल्यलाई पनि साधन वा उपकरणका रूपमा प्रयोग गरेर यसको संवेदनशीलतालाई आढ्य बनाइदिन्छन् (श्रेष्ठ, २०५९, पृ.४०)। भट्टले यस्तो मूल्याङ्कन उनका पद्य र गद्य दुवै समीक्षामा आंशिक मात्र नभई निकै सुझबुझपूर्ण ढङ्गले गरेका छन्। भानुभक्तीय कृतिहरू सौन्दर्यशास्त्रीय दृष्टिले उत्कृष्ठ छन् भनी मूल्य निर्णयसमेत गर्नु नेपाली समीक्षाको आधार नै नभएका बेला उनको विशेष समीक्षा सामर्थ्य हो भन्न सकिन्छ। उनले भानुभक्त दिनमा कति वटा श्लोक लेख्न सक्छन् र उनको कुन छन्दमा बढी दखल छ भन्ने विषयमा यस्तो मत राखेका छन् :

> कवि भानुभक्त आचार्यका परम मित्र ज्योतिष श्रीयुत सुब्बा धर्मदत्त मुखज बानी मैले सुनेको छु कि कवि भानुभक्त एक दिनमा ६० श्लोक शार्दूलविक्रीडित छन्दमा बनाउन सक्दथे। रामायण युद्धकाण्ड बनाउँदा १ दिन भानुभक्तले ६० शार्दूलवृत्तमा बनाएका छन्। अर्थात् १४२ १/२ ग्रन्थका बराबर कविता बनाए। निज कविले कविता गर्नुपर्दा प्रथम आधा घडीको अन्दाज विचार गर्दथे; वहाँपछि कलम थाम्नु पर्दैन थियो। यी कविका पद्य र गद्य एकनास हुंथे जो अझतक कवितामा प्रत्यक्ष्यै देखिन्छन्। कविका भनाइको छाँट कवितामा चौपट्ट असल देखिन्छन्। (२०६४, पृ. २२)

प्रस्तुत उदाहरणमा कवि भानुभक्तको कविता सिर्जन सामर्थ्यका साथै सौन्दर्य सामर्थ्यको चर्चा गरिएको छ। उनले यस विषयलाई हचुवाका भरमा नभनी धर्मदत्तलाई सन्दर्भ पनि बनाएर आफ्नो भनाइलाई आधिकारिक बनाउने प्रयास गरेका छन्। उनले ' यो पुस्तक् अझतक् सुब्बा धर्मदत्तका पास् छँदैछ ' भनी टिप्पणी पनि गरेका छन् (२०७६, पृ. ३१) यो मोतीराम भट्टको भानुभक्तीय काव्य सौन्दर्य सामर्थ्य पहिल्याउने अन्वेषणात्मक एवम् निर्णयात्मक सामर्थ्य हो।

भट्टले आचार्यको काव्यसौन्दर्य सामर्थ्यसँगै कविका प्रकारको पनि चर्चा गरेका छन्। उनले कवि सहज र संसर्गी दुई किसिमका हुने बताएका छन्। उनले भानुभक्तलाई सहजकविका रूपमा चिनाएका छन् (२०६४, पृ. ३४) र भानुभक्तका कवितामा अङ्कार सरासर देखिने हुँदा उनी सहज कवि भएको ठहर गरेका छन् (२०६४, पृ. २१)। भट्टले भानुभक्तको बालाजीसम्बन्धी कविताका सन्दर्भबाट 'अर्थको चमत्कार र शब्दको अलङ्कार कवि भानुभक्त आचार्यको अपार छ ' (भट्ट, २०७६, पृ. २१) भनी मूल्याङ्कन गरेका छन्। उनले भानुभक्तले काठमाडौँका ' अनौठा घर, देवल, धारा, पाटी, सत्तल, बजार, इनार, सटक (सडक), गल्ली, मालताल, देश्देशका चीजवीज, अनेक भाषाका बोलचाल्, मानिसहरूको पैह्रन, बोली, मिजाइस्, फूलको चलन्, सुन्दरीहरूको रूप, रंग, रस अलंकार हेरी बडा प्रसन्न मन भैकन काठमाडौँको नगरको बयान बालाजु कवितामा गरेको' भनी मूल्याङ्कन गरेका छन् (भट्ट, २०७६, पृ. २१)। यसरी भानुभक्तको 'आज बालाजी देख्याँ' शीर्षकको कविताको रचनागर्भ पहिल्याउने सामर्थ्य सौन्दर्यशास्त्रीय सामर्थ्य हो।

भट्टले 'कवि र कविताको वर्णन' कवितामा नपढी नबुझी, शास्त्र र कलाको ज्ञान नभई थाप्लै चिरे पनि कविता नुहुने विचार व्यक्त गरेका छन् (भट्ट, २०४५, पृ.२५२)। उनले भानुभक्तका रचनामा मात्र होइन जीवनीको प्रस्तुतिका क्रममा पनि भानुभक्तीय जीवनीलाई विम्बात्मक रूपमा प्रस्तुत गरेका छन्। उनले भानुभक्त जेल परेको सन्दर्भलाई यसरी प्रस्तुत गरेका छन् :

> फेरि ईश्वरको सृष्टिमा जो असल हुन्छन् इनीहरूमा पनि एक् न एक् कलंक लागी रहेकै हुंछ, जस्तो - चन्द्रमाको कलंक, साक्षत ईश्वर रूपधारी विष्णुका छातीको भृगुमुलान्छन्, सदाशिव महादेवको नीलकंठ, ब्रह्माको पूजा नहुनु, लक्ष्मीको चंचलता हुनु।

(२०७६, पृ. २५)

यहाँ भट्टको कविता मूल्याङ्कन गर्ने मात्र होइन कुनै पनि विषयलाई विम्बात्मक रूपमा प्रस्तुत गर्ने शैली पनि प्रस्ट देखिन्छ। उनले असलमा पनि केही दाग हुने सन्दर्भलाई चन्द्रमाको कलङ्क, विष्णुका छातीको भृगुको लातको चिह्न, महादेवको विषपान गरेको नीलकण्ठ स्वरूपका साथै ब्रह्माको पूजा नहुने परम्परा र लक्ष्मीको चञ्चलतालाई विम्बात्मक रूपमा प्रयोग गरेका छन्।

नेपाली साहित्येतिहासकारहरूमध्ये धेरैले नेपाली साहित्यमा समालोचनाको प्रवेश भट्टबाटै भएको मानेका छन्। यस आधार सँगसँगै अनुवादको ज्ञान पनि भट्टले बाँडेको देखिन्छ। भट्टअगाडि अनुवादलाई टीका वा उल्थाका रूपमा बुझिएका सन्दर्भमा उनले आचार्यका रचना अनुवाद हुन् कि मौलिक हुन् भन्ने विषयमा पनि चर्चा गरेका छन्। जस्तै :

इनै ताक भक्तमाला र प्रश्नोत्तरा पनि बनाये। भक्तमाला अनुवादित ह्वैन किन्तु स्वकल्पित अर्थात् आफैले अज्माइ बनायेको हो। भक्ति रस जसका फी पदबाट तप तप गरी चुहुन्छ, संसारका प्रपंचमा फसेका पुरुषहरूको कस्तो चित्तवृत्ति हुन जाँदो रहेछ यस्को साफ् ऐनामा मुख हेरेझैं देखिन्छ। प्रश्नोत्तरा पनि उस्तै ग्रंथ छ तर यो संस्कृतबाट कवि भानुभक्ताचार्यले तर्जुमा गरेको हो। यो ग्रन्थ पनि अनौठै हो।

(भट्ट, २०७६, पृ.२८)

उक्त उदाहरणबाट भट्ट अनुदित कृति र मौलिक कृति के हो भन्ने कुरा बुझ्न सक्थे र त्यसअनुरूपको निर्णय गर्न सक्थे भन्ने बुझिन्छ। उनले भक्तमालालाई मौलिक र प्रश्नोत्तरा (प्रश्नोत्तरमाला) लाई अनुवाद हो भन्न खोजेका छन्। यो भट्टको कृतिको संरचनात्मक मूल्य पहिल्याउने सामर्थ्य हो।

साहित्येतिहासका दृष्टिले खोजविन ऐतिहासिक पक्ष हो तर खोजविन नै मात्र समालोचना होइन भन्नेहरू पनि छन्। मोतीरामले आचार्यको खोजविन गरेको पक्ष बढी चर्चामा छ तर उनले आचार्यको खोजविनसँगै उपलब्ध सामग्रीमा निहित सौन्दर्य सामर्थ्यको मूल्याङ्कन पनि गरेका छन्। उनले समग्र गद्य र पद्य समीक्षाका माध्यमबाट आचार्यको जीवनी र कृतिको खोजविनको कार्य मात्र नगरेर उपलब्ध कृतिको विश्लेषण र मूल्याङ्कन पजि गरेर भानुभक्तीय प्रतिभालाई समकालीन कविहरूमध्ये कसरी श्रेष्ठ र श्रेष्ठतम कवि मान्न सकिन्छ भनेर उनको सौन्दर्य सामर्थ्यले नै उनी श्रेष्ठ रहेका आधारहरू पनि दिए। उनले भानुभक्तलाई उत्कृष्ट कवि मान्ने अनेक आधारहरू पनि दिएका छन् : 'कवि दुई प्रकारका हुन्छन्, पैल्हा स्वाभाविक अथवा सहज कवि, दोस्रा संसर्गी अर्थात् कृत्रिम कवि। स्वाभाविक कविका बराबर कृत्रिम कवि कदापि हुन ससक्तैन, सहज कविका कविताका बराबर संसर्गी कविता कैल्यै पनि हुन्न' (२०७६ पृ. ३४-३५)। यहाँ कविको शास्त्रीय वा सौन्दर्यकलाका आधारमा कविको मूल्याङ्कन हुन सक्ने पक्षलाई देखाउँदै भानुभक्त सहज कवि भएको पक्ष देखाइएको छ। सहज कवि जस्तो संसर्गी कवि हुन नसक्ने सौन्दर्यशास्त्रीय मूल्यनिर्णयलाई पनि दावाका साथ समेटिएको छ। यसलाई पुष्टि गर्ने गरी उनले कविता लक्ष्यणलाई समेट्ने 'कवि र किवताको वर्णन' कविताको एउटा अंशमा पनि यसरी प्रस्तुत गरेका छन् :

धनले हुँदैन कविता न त हुन्छ मन्ले।
ज्ञान्ले हुँदैन कविता न त हुन्छ तन्ले ॥
इन्ले भयाकि कविता कविता समान् हो।
आफै भयाकि कविता बहुतै असल् हो ॥

(भट्ट, २०४५, पृ.२५२)

प्रस्तुत पद्यमा कविता धनले र मनले मात्र नहुने, ज्ञान र तनले पनि नहुने र प्रतिभाले हुने कविता चाहिँ कविता हुने विचार व्यक्त छ। यस पक्षलाई भट्टले आचार्यको जीवनीमै पनि समेटेका छन्। यो उनको जीवनी एवम् समीक्षा लेखनमा सौन्दर्य मूल्य अन्वेषण सामर्थ्य हो र यो सामर्थ्य उनका लेखन रहेको अवस्था अन्यत्र पनि देखिन्छ। यही कविता भट्टका कविताहरूमध्ये 'कवि कविता वर्णन' शीर्षकमा प्रकाशित छ। यस कवितामा दिएको सैद्धान्तिक मूल्य स्थापना या निर्णय निकै महत्त्वपूर्ण रहेको छ।

भट्टले गद्य समीक्षा र मूल्यनिर्णय मात्र गरेका छैनन्। उनले पद्यशैलीमा पनि समीक्षा र सिर्जनाका लक्षणहरू लेखाउने प्रयास गरेका छन् भन्ने सङ्केत 'कवि र कविताको वर्णन' बाट मिल्छ। यो सौन्दर्यलाई उजागर गर्न सक्ने उल्लेख्य

पद्य समीक्षा कृति हो । यस पद्य समीक्षामा पाँचवटा श्लोकमा निहित समालोचकीयचेत कविले सर्वप्रथम सिर्जना गरिने रचनाको विषयवस्तु निर्धारण गर्नुपर्ने, विषयवस्तुलाई मनमनै मन्थन गरेर खार्ने काम गर्नुपर्ने र मात्र रचनालाई लिखित रूप प्रदान गर्नुपर्ने, सिर्जित रचनालाई मात्र रसिकहरूले पारख गर्ने, जन, मन, धन र ज्ञान मात्रले कविता भए पनि सहज कविता नहुने, द्रव्यबाट अमूल्य आभूषण किन्न सकिएला, विद्या कण्ठस्थ होला तर थाप्लै बजारे पनि सहज कविता सिर्जना नहुने, दसै दिशामा ख्याति आर्जन गर्ने र शाश्वतता प्राप्त गर्ने कविता मात्र वास्तविक कविता हुने (२०४५, पृ. २५२) विचार राखेका छन् । यी निर्णयात्मक लक्षणहरूले भट्टको मूल्यनिर्णय सामर्थ्य उचो थियो भन्ने देखाउँछन् । त्यसै गरी भट्टका सिर्जना वा समीक्षामध्ये समीक्षात्मक कविता मान्न सकिने कविता 'कविताको सर्जाम' एक उल्लेख्य कविता हो । मोतीरामका रचना सर्वेक्षण गर्दा यस कविताको रचनाकाल १९४१ देखि १९४४ मानिएको छ । यस कवितामा शार्दूलविक्रीडित छन्दका छवटा श्लोक समेटिएका छन् । यस श्लोकमा कवि भट्टको कवितासम्बन्धी सैद्धान्तिक चेतना समेटिएको छ । यस कवितामा कविताका तेह्रवटा तत्त्वहरू अगाडि सारिएको छ । ती तत्वलाई आन्तरिक र बाह्यतत्त्वका रूपमा चिनाउन सकिन्छ । सिर्जनाका आन्तरिक र वाह्य तत्त्व पहिल्याउनु समीक्षकको सौन्दर्यशास्त्रीय पहिचान हो । यस कविताका भट्टले देखाएका आन्तरिक तत्वहरूमा कविको उमेर बिस वर्षका चार वर्ष वर र चार वर्ष पर रहे उत्तम हुने, अध्यवसायबाट परिमार्जित बुद्धि चाहिने, शब्दकोशको गहिरो ज्ञान हुनुपर्ने, उपलब्ध कथा र काव्यकविताहरूका साथै छन्दशास्त्रको गम्भीर अध्ययन र ज्ञान हुनुपर्ने, प्रतिभाको मूल प्रेरणा मानिने देवी सरस्वतीको आराधना गर्नुपर्ने र भाषा र शैली परिमार्जित गर्न सक्ने क्षमता हुनुपर्ने विचार राखिएको छ । यी बुँदाहरू आजका कविता सर्जकका लागि पनि बाह्य तहमा आवश्यक देखिन्छन् । यस दृष्टिले पनि भट्टको मूल्यनिर्णय सामर्थ्य प्रबल देखिन्छ । त्यस्तै उनले देखाएका कविताका वाह्य तत्त्वहरूलाई हेर्दा खान लाउन पुग्ने सम्पत्तिको आवश्यकता, देश देशान्तरको भ्रमण गर्ने सुविधायुक्त अवसर र साधनको उपलब्धता, कवि बस्ने सफा सुग्घर र मुक्त ठाउँ (सानो तर आरामदायी सुसज्जित एवम् सुविधायुक्त कोठा) एकान्त र शान्त वातावरण, सुगन्धपूर्ण प्रशाधनहरूको उपलबधता, पुस्तक कागज, कलम र मसी जस्ता उपकरणको सुलभता औल्याइएका छन् । भट्टका यी मूल्य निर्णयहरू केही अवैज्ञानिक जस्ता लागे पनि आज पनि केही कामलाग्दा र तत्कालीन असमयअनुसार कामलाग्दा नै देखिन्छन् । यसरी पद्य र गद्य दुवै समीक्षा कलामा मोतीराम भट्ट मूल्यनिर्णय गर्न सक्ने समीक्षक थिए भन्न सकिन्छ । उनी अध्ययन विश्लेषण गरेर मूल्यहरू स्थापना गर्ने, साहित्यकला सिर्जनाका लागि आवश्यक पक्षको अन्वेष्ण गर्ने र साहित्य कलाका आवश्यक कलामूल्यहरू पनि पहिल्याएर सर्जक र सिर्जनाको मूल्याङ्कन गर्न सक्ने प्रतिभा हुन भन्न सकिन्छ ।

**बौद्धिक निर्णय**

मोतीराम भट्टले व्यक्ति भानुभक्त र भानुभक्त साहित्यको अध्ययन गर्दा आफ्नो बौद्धिक सामर्थ्यको उपयोग गर्नका साथै भानुभक्तको बौद्धिकतालाई पनि मसिनो गरी केलाएका छन् । त्यसै गरी उनका तीन वटा पद्य समीक्षाहरू पनि बौद्धिक उचाइ अन्वेषणमा सहायक सामग्री बनेका छन् । बौद्धिक मूल्यनिर्णय इतिहाससापेक्ष बौद्धिक सार हो । प्राचीन कालदेखि नै मानिसको अतीतका वास्तविक स्वरूपबारे गरिने विवेकपूर्ण खोजीमा आधारित सिकाइ र लेखाइसम्बन्धी परम्परा नै इतिहास हो (रिटर, सन् १९८६, पृ.१९३) । यस विवेकपूर्ण चेतनापूर्ण खोजीलाई साहित्येतिहास र समीक्षामा पनि निरन्तर कायम राखिन्छ । त्यसरी विवेकपूर्ण खोजीका पक्षमा भट्टको समीक्षा सामर्थ्यको अनुगमन गर्दा उनी निकै सबल समीक्षक देखिन्छन् ।

भट्टको कवि भानुभक्तको जीवनी कृतिलाई मात्र हेर्दा यसमा भट्टको वंशावलीसम्बन्धी ज्ञान, फुटनोटसहितको समीक्षाचेत र सामर्थ्य, तर्कसामर्थ्य, तुलना, प्रतितुलना र निष्कर्षण सामर्थ्य प्रबल देखिन्छ । यसरी बहुकोणीय न्यायिक समीक्षा चेतसहित उनले राखेका विचारहरू बौद्धिक मूल्यनिर्णयका दर्बिला आधार बनेका छन् । कवि भानुभक्तको जीवनी कृतिभित्र आचार्यको वंशवृक्षलाई चार पुस्तासम्म देखाइएको छ र त्यसलाई आधुनिक शैलीको आरेखमा देखाइएको छ । श्रीकृष्ण आचार्यका धनञ्जय, काशीनाथ, पद्मनाभ, तुलसी, गङ्गादत्त र इन्द्रविलास गरी छ भाइ छोरा भएको र ती छ भाइमध्ये धनन्जयका छोरा भानुभक्त र भानुभक्तका छोरा रमानाथ भएको पक्ष वंशावलीका वैज्ञानिक ज्ञानसापेक्ष स्वरूपमा देखाइएको छ । त्यस्तै इन्द्रविलासका छोरा अज्ञात रहेको र उनका नाति रामदत्त भएको वंशावलीलाई इमानदारिताका साथ प्रस्तुत गरिएको छ (भट्ट, २०७६, पृ. १५) । जतिखेर भट्टले यी तथ्यसहित आचार्यको जीवनी लेखे त्यस वेला जीवनीको अङ्ग वंशावली र त्यसमा पनि वंशवृक्षसमेत हो भन्ने पक्ष कतै चर्चामा थिएन । उनले नै जीवनीमा वंशावलीलाई उपयोग गरेर आचार्यको जीवनी लेखेर राजा महाराजाको जीवनी मात्र देखिने समाजमो कविको जीवनी लेखेर प्रस्तुत गरेको पाइन्छ । जीवनीनायकलाई बाल्यकालभरि हजुरबाका गृहगुरुकुलमा पढाएको, १८ वर्षको उमेर पुगेपछि लेखपढमा लगाइएको, १९९१ सालमा हावा खान निस्कँदा घाँसीसँग भेट भएको भनी जीवनको फेहरिस्तलाई विश्वसनीय ढङ्गले प्रस्तुत गरेको देन्छि (भट्ट, २०७६, पृ. १५) । यो भानुभक्तका विषयमा मोतीरामको बौद्धिक निर्णयात्मक सामर्थ्य हो ।

बौद्धिक मूल्य निर्णय सामर्थ्यका दृष्टिले आज भानुभक्तलाई अध्ययन गर्दा प्रायः भानुभक्तका शृङ्गारका कविता भेटिँदैनन् । उनको रामायणभित्रका कथामा पनि शृङ्गार रसको परिपाक बिरलै भेटिन्छ । भट्टले आफू शृङ्गारिक कवि भएकाले पनि होला ‘बिन्ती एक म गर्दछू सुन प्रिये’ कविताका दुई पङ्क्तिलाई आधार बनाएर भानुभक्तलाई ‘जस्तो करुण रस्मा लेख्ने ताकत् थियो तस्तै शृङ्गार रस्मा पनि लेख्न सक्तथे’ (भट्ट, २०७६, पृ ३६) भन्ने पक्षलाई उक्त दुई वटा पङ्क्तिबाट देखाउने प्रयास गरेका छन् । यस मूल्यनिर्णयका लागि उनले जुटाएका प्रमाणहरू निकै बौद्धिक, तथ्यपरक र त्यत्तिकै तार्किक पनि छन् । यो भट्टको भानुभक्तीय साहित्यमा शैली सौन्दर्यको अन्वेषण मात्र नभएर बौद्धिक मूल्य निर्णय गर्न सक्ने सामर्थ्यको प्रदर्शन विशेष हो । यस्तो निर्णय उनको शैलीशिल्पको तुलनात्मक अध्ययन गर्न सक्ने ऐतिहासिक सामर्थ्य मात्र नभएर आफ्ना ज्ञान बुद्धिका आधारमा भानुभक्तको बौद्धिक सामर्थ्य परीक्षण गर्न सक्ने बौद्धिक मूल्यअन्वेषी सामर्थ्य पनि हो ।

सरसरती अध्ययन गर्दा मोतीराम भट्टले कवि दुई प्रकारका स्वाभाविक अथवा सहज कवि र संसर्गी अर्थात् कृत्रिम कवि हुने सैद्धान्तिक पक्षलाई देखाउने प्रयास गरेका छन् । यो प्रयास नेपाली सैद्धान्तिक समीक्षा परम्परामा र प्रायोगिक समीक्षा परम्परामा पनि उल्लेख्य छ । उनले स्वाभाविक कविका बराबर कृत्रिम कवि हुन नसक्ने र सहज कविका कविताका बराबर संसर्गी कविता कैल्यै हुन नसक्ने विचार राखेका छन् । त्यस्तै केही कविलाई च्यान्टा कवि भनेर भानुभक्त बराबर कविता लेख्न अभ्यास गरेर आफ्नो मूल्याङ्कन गर्न पनि सुझाएका छन् । भट्ट कवि र समीक्षक दुवै भएकाले उनको यो मूल्यनिर्णय ऐतिहासिक मात्र नभएर निकै बौद्धिक तहको लाग्छ । उनले भानुभक्तको मूल्याङ्कन गर्दै उनलाई सहज कवि, गुण दोष समान रूपमा प्रस्तुत गरिदिने, अभ्यस्त भएर सिर्जना गर्ने, व्युत्पत्तिशील, दिनमा साठी पद्यसम्म सिर्जना गर्न सक्ने द्रूत सिर्जन सामर्थ्यसम्पन्न, नेपाली भाषामा अद्वितीय कविता सिर्जना गर्ने, रस, अलङ्कार र ध्वन्यार्थप्रधान कविता सिर्जना गर्ने, भक्ति रसका न भूतो न भविष्यति अर्थात् अभूतपूर्व कविता सिर्जना गर्ने कविका रूपमा चिनाएका छन् । यी बुँदाहरूले भट्टको मूल्यनिर्णय सामर्थ्यलाई बौद्धिक सामर्थ्यसम्पन्न सबल निर्णयका रूपमा देखाउँछन् । भट्टले भानुभक्तका शृङ्गारका कविता नभए पनि जे छन् ती विशेष भएको मूल्यनिर्णय

दिएका छन् भने प्रश्नोत्तमाला कृतिको मूल्याङ्कन पनि निकै गहन ढङ्गले गर्ने प्रयास गरेका छन् । उनले यस कृतिका प्रत्येक श्लोकको सवाल जवाफ पदचयनको चमत्कार रहेको मूल्यनिर्णय दिएका छन् । उनले आचार्यलाई अर्थको चमत्कार र शब्दको अलङ्कार अपार रहेका कविका रूपमा चिनाएका छन् । यो संस्कृत अलंकार बुझ्ेको सुझबुझपूर्ण विशेष मूल्यनिर्णय सामर्थ्य हो । कवि आचार्यको मूल्याङ्कन गर्दै उनले 'आजतक हाम्रा गोर्खामा कम से कम् शृङ्गार रसका ५००० श्लोक बनेका तर यो श्लोक (विन्ती एक म गर्दछू सुन प्रिये प्रीति निरन्तर रहोस् । तहाँको मन पिंजरा म मुनिञा यै चालू सदा काल् रहोस्) का वरावर अर्थको चमत्कार भयाको श्लोक आफूले नदेखेको' भन्दै भानुको सिर्जनात्मक चमत्कारलाई सहज रूपमा देखाएका छन् । यहाँ भट्टको तत्कालीन अवस्थासम्म लेखिएका पूर्ववर्ती र समकाली साहित्यको अनुगम गरेर मूल्य तोक्न सक्ने बौद्धिक सामर्थ्य देखिन्छ । त्यस्तै भट्टले भानुभक्तले कुन रचना कहिले गरे सन्दर्भमा १८९८ देखि १९०५का बिच लेखिएका फुटकर कविता फेला नपरेको, १९०६ मा जग्गाबापतको झगडामा काठमाडौँ आउने क्रममा बालाजु पुगेको र त्यहाँका विषयमा कविता रचना गरेको ऐतिहासिक पक्षसहित तथ्यपूर्ण बौद्धिक निर्णय गरेका छन् । यसै गरी 'बालाजि' कवितालाई विषय र आधार बनाएर कान्तिपुर, काष्ठमाण्डप, काठमाडौँ, काठमांडू भनी एउटै सहरको नाम भएको र चारभञ्ज्याङभित्रको जग्गा भनेर चिनाएका छन् (भट्ट, २०७६, पृ.२१) यस दृष्टिले हेर्दा भट्टको भौगोलिक ज्ञान निकै सशक्त देखिन्छ र उनले ऐतिहासिक राजनीतिक विभाजनलाई काठमाडौँ भनी चिनाउँदा एकै क्षेत्रका चार भञ्ज्याङले ओगटेको क्षेत्रका रूपमा चिनाएका छन् । भट्टले भानुभक्तले पहिल्याएको अन्तराष्ट्रिय भूगोलका बारेमा पनि निकै बौद्धिक टिप्पणी गरेका छन् । उनले 'बालाजि' कविताको देश विदेशका नाम समेटिएको श्लोकले भानुभक्तलाई भूगोल याद रहेछ भन्ने अनुमान हुन्छ' (२०७६, पृ.२२) भनी भानुभक्तको भूगोलको ज्ञानलाई विश्लेषण गरेका छन् । यस कविताका निम्न पङ्क्तिहरू भानुभक्तीय भूगोल ज्ञानका दसी मानिएको छ ः

कहिँ भोट र लन्दन चीनसरी ।
कहिँ कालुभरि गल्लि छ दिल्लिसरी ।।
लखनौ पटना मदराससरी ।
अलकापुरी कान्तिपुरी नगरी ।। (भट्ट, २०७६, पृ. २२)

ऐतिहासिक दृष्टिले हेर्दा भानुभक्तको चेतना अन्तराष्ट्रिय चेतना हो भन्ने देखाउने बौद्धिक चेतनासम्पन्न कविताअंश यही हो । यस अंशमा भोट, लन्दन (लन्डन), चीन, दिल्लि (दिल्ली), दिल्लीको गल्ली, लखनौ, पटना, मदरास, आदिका विशेषता काठमाडौँमा आरोप गरिएको छ । र यो आरोप भट्टले पहिल्याएका छन् र उनी बौद्धिक मूल्यवेत्ता समीक्षक हुन् भन्ने यसै मूल्याङ्कनबाट देखिन्छ । त्यस्तै यस कवितामा पौराणिक कालको अलकापुरीसँग कान्तिपुरलाई तुलना गरी 'अलकापुरी कान्तिपुरी नगरी' भनिएको छ र यस पक्षलाई पनि भट्टले पहिल्याएकै छन् । यसरी आचार्यका कविताभित्रका विश्वजनिन चेतना बोक्ने अंशलाई लिएर मोतीरामले गरेको भूगोल ज्ञानको पक्ष निकै बौद्धिक र गहन पक्ष हो ।

भट्टले जीवनीकार र समीक्षकका रूपमा आफूलाई उभ्याउँदै गर्दा निकै गहन काव्यमीमांसक बनेर देखा पर्दछन् । उनले साना वा थोरै लेख्ने र कम सिर्जनशील क्षमता भएका कविलाई च्यान्टा कवि भनेका छन् र उनीहरूका तुलनामा भानुभक्त ठुला कवि भएको र त्यस्ता च्यान्टा कविहरूलाई बाटो देखाउने कवि पनि भानुभक्त नै भएको तुलनात्मक सिर्जनसामर्थ्यगत मूल्य निर्णय गर्न पनि भ्याएका छन् । कवि भानुभक्तको जीवनी कृतिमा भट्टले गम्भीर

किसिमको समीक्षक बनेर प्रथम कोटिको कविमा सहजता, संवेद्यता, नेसर्गिकता जस्ता गुणहरू अनिवार्य रहने अभिमत पनि अगाडि सारेका छन् । यस्तो अभिमतले उनलाई बौद्धिक मूल्यनिर्णय सामर्थ्यका समीक्षकका रूपमा देखाएको छ ।

भट्टले भानुभक्तको जीवनी र कृतित्वको चर्चा गर्ने क्रममा कवि भानुभक्त आचार्यको जीवनचरित्रभित्र केही पद्यहरू पनि प्रस्तुत गरेका छन् ती पद्यमा प्रस्तुत उनको कृतज्ञता भाव निकै बौदिक लाग्छ । आज विश्वविद्यालयमा उच्च शिक्षाका विद्यार्थीले थेसिस गर्दा गुरु र सहयोगीहरूलाई कृतज्ञता ज्ञापन गरेजस्तै उनले कृतज्ञता ज्ञापन गरेका छन् ः

> आफ्ना सक्भर गद्य पद्य मइले मनूले कथेकै थिञा ।
> यस्बमे संग्रह फैलियोस् अब भनी काशी पठाई दिञा ॥
> भन्यै (धन्यै ?) भन्छु म रामकृष्णकन ता जल्ले कद्दत् खुप् दिया ।
> भारत् जीवन यंत्रमा यति कथा छापी प्रकाश् गर्दिया ॥ (भट्ट, २०७६, पृ.३८)

माथिको उदाहरणमा बौद्धिक तहको कृतज्ञता भाव छ । यहाँ काशीका रामकृष्ण र उनको भारत् जीवन छापाखानालाई धन्यवाद दिएएको छ र यो कृति छपाएर भानुभक्तको कीर्ति फैलियोस् भन्ने चाहेको भाव व्यक्त गरिएको छ । यो पनि प्रकारान्तरले बौद्धिक मूल्य सामर्थ्यको प्रदर्शन नै हो ।

भट्टको सुझबुझपूर्ण बौद्धिक मूल्यनिर्णयमाथि केही विवादहरू आए पनि, रामायण र भक्तमाला अनुदित र मौलिक के हुन् भन्ने बहस चलिरहे पनि धेरैको अभिमत मोतीरामसँग मिलेकै देखिन्छ । भानुभक्तभन्दा जेठा दुई चार अरु कवि भए पनि उनलाई भाषाको परिष्कृति, सरला, सौष्ठव, अनुवादमा मौलिकताको अनुहार झल्केको, उनका भाषामा नेपाली भाषाको नेपालीपन बोलेको र नेपाली आत्मा बोलेका कारण उनलाई ज्येष्ठ कविहरू छँदै आदिकविको उपाधि दिएको पाइन्छ (प्रधान, २०६०, पृ.४९) । भट्ट भारतेन्दु हरिश्चन्दबाट हिन्दी भाषासाहित्यको उत्थानका लागि भइरहेको प्रयासबाट नेपाली भाषामा पनि यस्तै काम हुनुपर्ने देखी बहुमुखी ढङ्गले नेपाली भाषासहित्यको सेवामा समर्पित रहने क्रममा अग्रजको खोज र प्रकाशनमा लागेको बुझिन्छ (भट्टराई, २०७८, पृ. ७९) । त्यस क्रममा उनले पहिला भानुभत्तलाई अगाडि ल्याए र उनका साहित्यको पनि मूल्याङ्कन गरेका आशयमा भानुभक्तप्रतिको केही झुकाव रहे पनि उनको आशयमा र पछिल्ला अन्वेषकहरूका आशयमा पनि भानुभक्तलाई दिइएको आदिकवि उपाधि प्राथमिककालीन कविहरूमध्ये प्रतिनिधि कविका रूपमा हो भन्ने नै देखिन्छ । यस सम्बन्धमा भट्टले भानुभक्तलाई नाम चिठी समस्या सबैका विषयमा कविता बनाउन सक्ने कविका रूपमा चिनाएका छन् । यो भट्टको भानुभक्तको बहुकोणीय सामर्थ्यलाई उपयोग गर्न सक्ने बहुकोणीय बौद्धिक समीक्षा एवम् मूल्याङ्कन सामर्थ्य हो ।

## निष्कर्ष

मोतीराम भट्ट नेपाली समीक्षा परम्पराका अग्रगन्य प्रतिभा हुन् । उनले भानुभक्तलाई दिएको आदिकविको उपाधिमा केही विवाद आए पनि उनलाई आदि समीक्षकभन्दा आलोचना हुने ठाउँ त्यति देखिँदैनन् । उनले भानुभक्तलाई पहिलो कविका रूपमा आदिकवि भनेको नभई आदिकालका प्रतिनिधि कविका रूपमा कविकुल वा आदिकविका रूपमा चिनाएका छन् । उनले भानुभक्तका कृतिहरूको मूल्याङ्कनका क्रममा पनि कृतिलाई नै आधर बनाएर ऐतिहासिक सौन्दर्यशास्त्रीय बौद्धिक तर्कसहित मूल्यनिर्णय प्रदर्शन गरेका छन् । उनले चर्चा गरेका स्वाभाविक अथवा

सहज कविको सामर्थ्य, स्वाभाविक कविका बराबर संसर्गी कविको समर्थ्य नहुने विचार, भानुभक्तका शृङ्गारका कविताको उदाहरणबाट दिएको सामर्थ्यको अन्वेषण र मूल्यनिर्णय, प्रश्नोत्तर कृतिको मूल्याङ्कनका क्रममा प्रत्येक श्लोकको सवाल जवाफको चमत्कारको सन्दर्भ र मूल्यनिर्णयले उनको कानुनी तर्क ज्ञानसापेक्ष बौद्धिक सामर्थ्यलाई देखाउँछ। भट्टले आचार्यका रचनामा रहेको अर्थको चमत्कार र शब्दको अलङ्कारको पहिचान गर्ने प्रयास गरेका छन् र यो प्रयास उल्लेख्य कलात्मक मूल्यनिर्णय सामर्थ्यका रूपमा देखा पर्दछ। उनले आफ्ना पद्यसमीक्षामा दिएका कविताका लक्षण र कविताका सर्जाम पनि साहित्यसास्त्रीय लक्षणका रूपमा उल्लेख्य छन् र यिनमा प्रस्तुत मूल्यनिर्णय पनि विशेष लाग्नका साथै स्वयम् चाहिँ काव्यमीमांसकका रूपमा देखा पर्दछन्। समग्र विमर्शका आधारमा मोतीराम भट्टलाई जीवनीपरक र सैद्धान्तिक समालोचना चेतनासम्पन्न आदिसमीक्षकका रूपमा देख्न सकिन्छ। उनलाई आदिसमीक्षक वा नेपाली भाषा साहित्यका पहिलो काव्यमीमांसक बनाउने सामर्थ्य भनेको उनकै सूक्ष्म अन्वेषण र अध्ययन विश्लेषणसापेक्ष मूल्यनिर्णय सामर्थ्य हो। उनले अगाडि सारेका भानुभक्तका कविताका अंश कहिले लेखिएभन्ने समयको किटान, कविसँग कवित्व, भूगोलज्ञान र कविता कलाको ज्ञान कति थियो भन्ने आधिकारिक मूल्य प्रस्तुतिको प्रयास नै उनको मूल्यनिर्णय सामर्थ्य समीक्षाका बिच बिचमा सँगसँगै आइराखेको देखिन्छ। समग्र नेपाली समीक्षा परम्परालाई हेर्दा भट्ट सोधखोजपरक समीक्षाका आरम्भकर्ता, तुलनात्मक समीक्षाका आरम्भकर्ता र प्रयोक्ताका साथै तुलना र सोधखोजबाट प्राप्त तथ्यका आधारमा मूल्यनिर्णय प्रस्तुत गर्ने समीक्षकका रूपमा देखिन्छन्। यो उनको ऐतिहासिक चेत भानुभक्तको जीवनी लेखनमा वंशावलीको प्रयोगदेखि हरेक रचनाको रचनागर्भ, रचनाकालको जानकारी र रचनाको शक्ति पहिचानसम्म निरन्तरित देखिन्छ। भट्टका समग्र समीक्षालाई हेर्दा पत्रकारितामूलक, पाठालोचनपरक जस्तो लागे पनि त्यसमा उनको ध्येय मूल्यनिर्णयतर्फ केन्द्रित देखिन्छ। उनका गद्य र पद्य समीक्षामा निहित मूल्यनिर्णय सामर्थ्य क्रमशः ऐतिहासिक मूल्य, कलासौन्दर्यसापेक्ष मूल्य र युगचेतनाजन्य बौद्धिक मूल्यसापेक्ष देखिन्छ। यस दृष्टिले मोतीराम भट्ट मूल्यनिर्णय सामर्थ्यसम्पन्न समीक्षक हुन्।

## सन्दर्भसूची


कलिङउड, आर.जी.(सन् १९९४). *द आइडिया अफ हिस्ट्री.* अक्सफोर्ड युनिभर्सिटी प्रेस।

कार, इ. एच. (सन् १९८६०). *ह्वाट इज हिस्ट्री ?.* प्यान्गुइन बुक्स।

ताप, इ. जे. (सन् १९६८). भ्याल्युज इन हिस्ट्री. *जर्नल अफ वर्ल्ड हिस्ट्री,* ४(१-२), ३७१-३७७।

त्रिपाठी, वासुदेव (२०६६). *साहित्य-सिद्धान्त : शोध तथा सृजनविधि.* पाठ्यसामग्री पसल।

प्रधान, कृष्णचन्द्रसिंह (सम्पा. २०२५). *साझा समालोचना.* साझा प्रकाशन।

प्रधान, कृष्णचन्द्रसिंह (सम्पा. २०४४). *साझा समालोचना.* (तेस्रो संस्क.). साझा प्रकाशन।

प्रधान, कृष्णचन्द्रसिंह (२०६०). *भानुभक्त : एक समीक्षा.* साझा प्रकाशन।

भट्ट, मोतीराम (२०४५). हरिभक्त नेउपाने 'नवपानीय' (सम्पा.) *मोतीराम भट्टका उपलब्ध ग्रन्थावली.* श्रीमती कमला नेउपाने।

भट्ट, मोतीराम (२०६४). *कवि भानुक्तको जीवनी.* (चौथो संस्क). साझा प्रकाशन।

भट्ट, मोतीराम (२०७६). *कवि भानुभक्तको जीवनी.* भुँडीपुराण प्रकाशन ।

भट्टराई, घटराज (सम्पा. २०७८). *माध्यमिक कालीन कवि र कविता.* (दोस्रो संस्क.). नेपाल प्रज्ञा-प्रतिष्ठान ।

रिटर, एच. (सम्पा. सन् १९८६). *डिक्सनरी अफ कन्सेप्ट्स इन हिस्ट्री.* ग्रिनउड प्रेस ।

रिसाल, राममणि (२०५८). *नेपाली काव्य र कवि.* (पाँचौं संस्क.). साझा प्रकाशन ।

शर्मा, तारानाथ (२०५१). *नेपाली साहित्यको इतिहास.* (दोस्रो संस्क.). नवीन प्रकाशन ।

राजशेखर (सन्. १९०८). *काव्यमीमांसा.* चौखम्बा विद्या भवन ।

शुभेच्छु, रमेश (२०६९). भूमिकाकार वासुदेव त्रिपाठी. *डा. वासुदेव त्रिपाठी स्रष्टा एक द्रष्टा अनेक.* (राजेन्द्र सुवेदी र रमेश शुभेच्छु, सम्पा.). त्रिपाठी ग्रन्थ प्रकाशन समिति. २४५-२८७ ।

शुभेच्छु, रमेश (२०६९). शिखरमा उभिएका समर्थ र बहुगुणसम्पन्न त्रिपाठीको जीवनवृत्त. *डा. वासुदेव त्रिपाठी स्रष्टा एक द्रष्टा अनेक.* (राजेन्द्र सुवेदी र रमेश शुभेच्छु, सम्पा.). त्रिपाठी ग्रन्थ प्रकाशन समिति. ४१-७० ।

श्रेष्ठ, दयाराम (२०५९). *साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ.* त्रिकोण प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६१). *नेपाली समालोचना परम्परा र प्रवृत्ति.* भूमिका प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६९). नेपाली साहित्य तथा समीक्षा चिन्तनमा डा. वासुदेव त्रिपाठीको महासमालोचकीय यात्रा र प्राप्ति. *डा. वासुदेव त्रिपाठी स्रष्टा एक द्रष्टा अनेक.* (राजेन्द्र सुवेदी र रमेश शुभेच्छु, सम्पा.). त्रिपाठी ग्रन्थ प्रकाशन समिति. ४१-७० ।